महिला सशक्तीकरणद्वारा ग्रामीण नेपालको गरिबी निवारण

आपेरोन

वार्षिक प्रगति प्रतिवेदन

२०७७-२०७८

APEIRON

MAHILA SASHAKTIKARANDWARA
GRAMIN NEPAL KO
GARIBI NIWARAN

विषय सुची

परिचय २

हाम्रा रणनीतिहरु ३

आपेरोन परिवर्तनको सिद्धान्त ४

यस वर्षका मुख्य उपलब्धिहरु ५

आ.व. २०७७ - २०७८ का प्रभावहरु ५

परियोजनाको विवरण ५

आ. व. २०७८ - २०७९ का लागि योजना तथा कार्यक्रमहरु ६

परियोजना प्रगति प्रतिवेदन बिस्तारमा ७

- आधारभुत शिक्षाको गुणस्तरमा सुधार ८
- नयाँ शिक्षा ९
- एक स्थान शिक्षा ११
- सानोनानी - बाल संरक्षण तथा विकास परियोजना १४
- कृषिमुल्य श्रृङ्खलापद्धति विकास परियोजना, जुम्ला १७
- नेपालमा आत्महत्या रोकथाम संयन्त्रका लागि वकालत १९
- कोभिड - १९ प्रतिकार्य तथा सकारात्मक धारणा प्रोत्साहन परियोजना २१
- काजा सिन्धुली सुरक्षित आवास गृह संचालन सहयोग कार्यक्रम २३
- कोभिड १९ प्रतिकार्य सहयोग कार्यक्रम २६
- शिक्षा सबैका लागी (+) २८

वित्तिय विवरण ३०

१. परिचय

"महिला सशक्तीकरणद्वारा ग्रामीण नेपालको गरिबी निवारण" (Alleviation of Poverty through Empowering Women in Rural Nepal – APEIRON) (आपेरोन) संस्था दर्ता ऐन २०३४ अनुसार मिति २०७०/०६/०७ मा काठमाडौं जिल्ला प्रशासन कार्यालय बबरमहलमा दर्ता भई समाज कल्याण परिषद्मा (नं. ३८१००) आवद्ध एक गैर सरकारी, गैर राजनैतिक, मुनाफा रहित विशुद्ध सेवाको भावले स्थापित सामाजिक संस्था हो । स्थापनाकालदेखि नै यस संस्थाले सामाजीक समस्याको चपेटामा परेका गरिब, पिछडिएका एवं सिमान्तकृत वर्गको क्षेत्र र त्यस्तो क्षेत्रका महिलाहरुको हितमा कार्य गर्दै आइरहेको छ । खास गरी लैङ्गिक हिंसा पिडित तथा प्रभावित महिलाहरुलाई सुरक्षीत आवासीय पुनःस्थापना केन्द्रमा आश्रय दिइ अनौपचारिक शिक्षा, तालिम एवं आय-आर्जन मूलक सीप सिक्नमा सहयोग दिनुका साथै कामको अवसर खोजि तथा स्व-लघु उद्धमका लागि सहयोग प्रदान गरि आत्मनिर्भर बन्न सहयोग पुऱ्याउदै समाजमा पुनः स्थापित गर्दै आएको छ । यसका अतिरिक्त, ति लैंगिक हिंसा पिडित तथा प्रभावित महिलाहरुका आश्रित बालबालिकाहरुलाई बाल संरक्षण तथा बिकाश सम्बन्धी सेवाहरु समेत प्रदान गर्दै आएको छ ।

संस्थाले लैंगिक हिंसा रोकथामका उपायका रूपमा जना चेतना कार्यक्रम, आय आर्जन तथा सीप विकास कार्यक्रम, जोखिममा रहेका तथा कम सुविधा सम्पन्न बालबालिकाहरुलाई वर्षेनी शैक्षक (छात्रवृति), भूकम्पले क्षतिग्रस्त विद्यालयहरुलाई भौतिक संरचना निर्माण र मर्मतको सहयोग कार्यक्रमहरु सञ्चालन गदै आएको व्यहोरा स-गौरव जानकारी गराउँछौं ।

आ. व. २०७७-२०७८ मा यस संस्थाले गरेको विभिन्न परियोजना तथा कार्यक्रमहरुका मुख्य उपलब्धिहरुलाइ छोटकरीमा प्रस्तुत गरिएको छ ।

हाम्रा रणनीतिहरू

नेपाली समाजमा अझै पनि लैंगिक समानता पाईदैन, लैंगिक असमानता, अन्य सामाजिक, आर्थिक तथा कानुनी असमानताहरुको मूल कारणको रुपमा पनि रही आएको छ, यस्ता असमानताहरुका कारणले सबै लिंगका व्यक्तिरूलाई अवसरहरूबाट बन्चित गराउँदछन् जसले गर्दा मानिसहरु आफ्ना अधिकारहरु प्राप्त गर्न तथा सफलतापुर्वक जीवन जिउन बाधा पुराउँदछ ।

आपेरोनले नेपालमा लैंगिक समानताको लागि १० प्रमुख वाधाहरु पहिचान गरेको छ

१. पुरुषको तुलनामा महिलाहरुलाई बढी घरेलु कामको भार
२. लैंगिक भूमिका र व्यवहारलाई पारिवारिक अपेक्षा हरु बाट हुने रोकावट
३. सार्वजनिक जीवनमा महिला सहभागिता पुरुषहरुको सहभागिताको तुलनामा कम
४. महिला र किशोरीहरुको लागि गतिसिलतामा प्रतिबन्ध
५. महिला तथा किशोरीहरुमा आफ्ना अधिकारहरुको बारेमा ज्ञान तथा चेतना को कमी
६. पुरुषहरुको तुलनामा महिलाहरुको साक्षरतामा कमि
७. हानीकारक परम्परागत सामाजिक प्रथाहरु जस्तै बालविवाह
८. लैङ्गिक हिंसा
९. कानुनी असमानता
१०. लैंगिक भूमिकाको बारेमा पितृसतात्मक धारणाहरु

संस्थाले यी बाधाहरुलाई सामना गर्नको लागि विभिन्न कार्यक्रम तथा क्रियाकलाप गर्दै आईरहेकोछ । हामीले हाम्रो कार्यक्रम तथा परियोजनाहरुद्वारा चार क्षेत्रमा व्यक्तिहरु र समुदायहरूलाई उनीहरुको जीवनमा अवरोध बाधाहरुको सामना गर्न मद्दत गर्दछौं ।

कार्यक्षेत्र १: लैङ्गिक हिंसा रोकथाम

कार्यक्षेत्र २: शिप विकास तथा आय आर्जन

कार्यक्षेत्र ३: अधिकारका लागि जनचेतना र शिक्षाका लागि सहयोग

कार्यक्षेत्र ४: संस्थागत सहकार्य

३. आपेरोन परिवर्तनको सिद्धान्त



Apeiron works multi-sectorally, but gender awareness is at the core of everything Apeiron does.





** See Apeiron's "Explanation and evidence behind our theory of change" for supporting facts about inequalities in Nepal*

४. यस वर्षको मुख्य उपलब्धिहरू

गत वर्ष संस्थाले आफ्नो उद्देश्य अनुरूप लैंगिक हिंसा रोकथाम, आय आर्जन तथा शीप विकाश सचेतना तथा शिक्षाका लागी सहयोग जस्ता कार्यक्रमहरुका साथै विभिन्न मानवीय सहयोग पुराउने विभिन्न कार्यक्रम तथा परियोजनाहरु संचालन गरेको थियो।

यस बर्ष कोविड - १९ को प्रकोपको दोश्रो लहरलाई मध्येनजर गर्दै कोविड प्रतिकार्यको लागि परियोजना सन्चालन गरियो साथै लैंगिक हिंसा प्रभावित हरुलाई Flexible fund को पनि ब्याबस्था गरेको थियो। लैंगिक हिंसा प्रभावितलाई छिटो र राम्रो सेवाहरु प्रदान गर्नका लागि हामी छौ नि.... भन्ने फेसबुक पेज पनि सन्चालनमा आएको छ जसबाट दुर्गम स्थानमा रहेका लैंगिक हिंसा प्रभावित महिलाहरु पनि सेवाको पहुँचमा रहेका छन् ।

यस अवधिमा संस्थाको बढ्दो आकारको प्रभावकारी व्यवस्थापनका लागि आफ्ना विभिन्न नीति नियम लगायतका दस्ताबेजहरु पुनरावलोकन तथा परिमार्जन गरियो । यसै अवधिमा संस्थाले "लैंगिक समानताका लागि सामाजिक परिवर्तनको सिद्धान्त" (Theory Of Change) समेत परिमार्जन गरिदै छ ।

कोविड - १९ को प्रकोपले समग्रमा यो बर्ष संस्थाका लागी चुनौतीपूर्णका साथै अवसरले भरिपुर्ण रह्यो ।

५. आ.व. २०७७/२०७८ का प्रभावहरू

आपेरोनको मार्ग निर्देशक मूल्य मान्यताहरु

- सहभागिता
- एकिकृत विचार
- पारदर्शिता
- नेटवर्किङ्ग
- प्रगति

६. परियोजनाको विवरण

आ. व. २०७७/०७८ मा आपेरोन अन्तरगत सन्चालनमा भएका परियोजनाहरुको विवरण यस प्रकार छन्:

१. नयाँ आधारभुत शिक्षाको गुणस्तरमा सुधार

२. नयाँ शिक्षा

३. एक स्थान शिक्षा

४. सानोनानी - बाल संरक्षण तथा विकास परियोजना

५. कृषिमुल्य श्रृङ्खलापद्धति विकास परियोजना, जुम्ला

६. नेपालमा आत्महत्या रोकथाम संयन्त्रका लागि वकालत

७. कोभिड -१९ प्रतिकार्य तथा सकारात्मक धारणा प्रोत्साहन परियोजना

८. काजा सिन्धुली सुरक्षित आवास गृह संचालन सहयोग कार्यक्रम

९. कोभिड १९ प्रतिकार्य सहयोग कार्यक्रम

१०. शिक्षा सबैका लागी (+)

परियोजना विस्तारमा तल दिईएको छ ।

७. आ. व. २०७८-२०७९ का लागि योजना तथा कार्यक्रमहरू

संस्थाले:

- संस्थाको विकासको लागि निती नियमहरु परिमार्जन गर्दै लैजाने
- फन्ड रेजिंग तथा दातृनिकायहरुसँग सन्जाल बिस्तार गर्नका लागि नयाँ सह क्षेत्रहरुको पहिचान गर्ने तथा दातृनिकायसँग पहुँच पुऱ्याउने
- प्रविधि र प्राविधिक सिप स्तर वृद्धि गर्दै जाने
- आन्तरिक संगठनात्मक दिशानिर्देश विकास
- नयाँ सञ्जालहरु र संस्थागत सहकार्यको खोजि तथा विकास
- कार्यक्रमहरुको राम्रो अनुगमन तथा मुल्यांकन प्रणाली विकास गर्ने
- सरकारी निकायहरूसँगको समन्वय तथा सहकार्य अझै सुद्रिढ बनाउने
- संस्थाको वेभसाइट अपडेट गर्ने
- विशेषज्ञताको आधारमा संस्थाको सदस्यता थप गर्दै लैजाने

संस्थागत विकास तथा क्षमता अभिवृद्धिका आयामहरुमा समेत ध्यान दिदै हाल सञ्चालन गरिरहेका कार्यक्रमहरुलाई निरन्तरता दिनुका साथै श्रोत उपलब्धताका आधारमा नया कार्यक्रमहरु समेत सञ्चालन गर्ने योजना छ ।

परियोजना प्रगति प्रतिवेदन बिस्तारमा

सक्षम भएका छन् ।

- ५० जना किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी तालिम सञ्चालन गरियो जसले गर्दा किशोर किशोरीहरुलाई यौन तथा प्रजनन् स्वास्थ्य अधिकार सम्बन्धी जनचेतना भएको ।
- १५ जना शिक्षक शिक्षिकाहरुलाई १ दिने लैङ्गिक संवेदनशील शिक्षण सम्बन्धि तालिम सञ्चालन गरियो जसले गदा शिक्षक शिक्षिकाहरुलाई लैङ्गिक संवेदनशील शिक्षण सम्बन्धि सम्बन्धी जनचेतना भएको ।
- १८९ जना (१०० बालक र ८९ बालिका) बालबालिकाहरुलाई आवश्यक शैक्षिक सामाग्रीहरु जस्तै ब्याग, कापी, कलम, कलर र ड्रेस्स वितरण गरियो । यी शैक्षिक सामाग्रीहरुले बालबालिकाहरुलाई नियमित विद्यालय आउनमा प्रोत्साहन मिलेको छ ।
- आपेरोनद्वारा सञ्चालित अर्को परियोजनासँग सहकार्य गरेर २०० जना बालबालिकाहरुलाई जाडोमा लगाउने आवश्यक स्युटर वितरण गरियो जसले गर्दा जाडोमा पनि बालबालिकाहरु सहज रुपले विद्यालय आउन सफल भएको ।

Fig 1: Children studying at Shree Kamrang Basic School, Dhading receiving education materials

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

N/A

PROJECT NAME

नयाँ शिक्षा (New Education)

DURATION

१ अगास्ट, २०२० देखि ३१ जुलाई, २०२२

PROJECT SITE

काठमाडौं

BENEFICIARIES TARGETED

१५२ जना बालबालिकाहरु तथा तिनका परिवारहरु

PROJECT OBJECTIVES

- जोखिममा परेका बाल बालिकाहरुका निम्ति आधारभुत स्थानिय शिक्षामा सुधार गरी समान शैक्षिक अवसरहरु उपलब्ध गर्ने ।
- आफ्ना बाल बालिकाहरुको गुणस्तरिय शिक्षाका निम्ति लैङ्गिक हिंसा विरुद्ध लड्दै परिवारमा अभिभावकीय भुमिका र दायित्वहरुबारे चेतना सिर्जना गर्ने ।
- जोखिममा परेका बाल बालिकाहरुका निम्ति शैक्षिक औजारहरु प्रयोग गरी उनीहरुको खेल्ने अधिकारको पुनस्थापना गर्ने र खेलको विषयमा रहेको लैङ्गिक मान्यतालाई तोडि गुणस्तरिय शिक्षामा सुधार ल्याउने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- ५२ जना बालबालिकालाई शिक्षामा पहुँच दिने ।
- ५२ जना बालबालिकाहरुका अभिभावकलाई बालबलिका स्याहार, जिम्मेवार, लैङ्गिक हिंसा सम्बन्धि तालिम दिने ।
- ६ वर्ष देखि १३ वर्ष सम्मका १०० जना बालबालिकाहरुलाई फुटबल तालिम दिने ।
- परियोजनाको अनुगमन गर्ने ।

PROJECT RESULTS

- ५२ जना बालबालिकाहरु (१७ जना बालक र ३५ जना बालिका) हरुले शिक्षामा पहुच प्राप्त गरि आफ्नो पढाईलाई निरन्तरता दिन सफल भएका छन् । यी बालबालिकाहरुलाई आवश्यक शैक्षिक सामाग्री वितरण गरि पढ्नमा सहज भएको साथै उनीहरुका २४ जना दाजु भाई तथा दिदी बहिनीहरुका लागि पनि

शैक्षिक सामाग्री वितरण गरि पढ्नमा सहज भएका ।

- ३४ जना छात्रवृत्ति प्राप्त बालबालिकाहरुका अभिभावकले बालबालिका स्याहार, जिम्मेवार, लैङ्गिक हिंसा सम्बन्धि तालिम प्राप्त गरि आफ्नो बालबालिकाहरुप्रतिको जिम्मेवारको सम्बन्धमा जनचेतना भएको ।
- वर्ष देखि १३ वर्ष सम्मका १०० जना बालबालिकाहरुले नियमित फुटबल तालिम प्राप्त गरि उनीहरुको खेल्ने अधिकारको पुनस्थापना गरिएको र खेलको विषयमा रहेको लैङ्गिक मान्यतालाई तोडि गुणस्तरिय शिक्षामा सुधार ल्याउन सफल भएको । लकडाउनको अवस्थामा पनि बालबालिकाहरुलाई नियमित रुपमा भर्चुअल फुटबल तालिम प्रदान गरि बालबालिकाहरुलाई रचनात्मक र सृजनात्मक बनाइएको ।
- १ जना बालकलाई उसको परिवारसँग पुर्नमिलन गराउन सफल भएको ।
- २ जना बालबालिका तथा १ जना अभिभावकले स्वास्थ्य उपचारमा सहयोग प्राप्त गरि जिवन सहज बनाउन सफल भएको ।

Fig 2: Sponsored children(left) and her sibling (right) receiving education materials

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

- ५२ जना बालबालिकालाई शिक्षामा पहुँच दिने ।
- ५२ जना बालबालिकाहरुका अभिभावकलाई बालबलिका स्याहार, जिम्मेवार, लैङ्गिक हिंसा सम्बन्धि तालिम दिने ।
- ६ वर्ष देखि १३ वर्ष सम्मका १०० जना बालबालिकाहरुलाई फुटबल तालिम दिने ।
- परियोजनाको अनुगमन गर्ने ।

PROJECT NAME

एक स्थान शिक्षा (One Spot Education)

DURATION

फेब्रुअरी २०१९ देखि डिसेम्बर, २०२१

PROJECT SITE

काठमाण्डौं

BENEFICIARIES TARGETED

५० जना बालबालिकाहरु र ३५ जना समाजसेवीहरु

PROJECT OBJECTIVES

- काजा नेपालमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरुको बालबालिकाहरुलाई काजा नेपाल छोडे पश्चात् निरन्तर शिक्षा प्राप्त गर्न सहयोग पुऱ्याउने ।
- काजा नेपालमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरुको बालबालिकाहरुलाई साधारण स्वास्थ्य जाFचमा सहयोग पुऱ्याउने ।
- काजा नेपालमा रहेका लैङ्गिक हिंसा प्रभावित महिलाहरुको बालबालिकाहरुलाई स्वास्थ्य र पोषणयुक्त खाना खुवाउनमा सहयोग पुऱ्याउने ।
- आवास गृहमा कार्यरत समाजसेवीहरुको काममा प्रभावकारीता बढाउन सहयोग पुऱ्याउने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- २५ जना आवश्यकता विश्लेषण तथा बालबालिकाको छनौट गर्ने ।
- सहि विद्यालय छनौटमा सहयोग पुऱ्याउने ।
- लैङ्गिक हिंसा प्रभावित महिलाहरु साथै बालबालिकाको दिगोपना पुर्नमिलनका लागि अन्य आवश्यकता पहिचान गरि सहयोग पुऱ्याउने ।
- बालबालिकाहरु पढ्ने विद्यालयसँग सुमधुर सम्बन्ध कायम गर्नका लागि विद्यालय व्यवस्थापक समितिसँग नियमित बैठक बस्ने तथा फोनमा कुराकानी गर्ने ।
- शैक्षिक सामाग्री प्रदान गर्ने ।
- बालबालिका तथा उनीहरुको आमाहरुको स्वास्थ्य तथा आवश्यकताको विश्लेषण गर्ने ।
- स्वास्थ्य परिक्षण गर्नमा सहयोग गर्ने ।
- पोषणयुक्त खानेकुरा सम्बन्धमा साथै मौसमी रोगहरु रोकथामका लागि आमा तथा बालबालिकासँग त्रैमासिक रुपमा फोन मार्फत कुराकानी गर्ने ।

- अर्धवार्षिक रुपमा बालबालिकाको घर निरिक्षण साथै फोन मार्फत कुराकानी गर्ने ।

PROJECT RESULTS

- २५ जना नयाँ बालबालिकाहरु छनौट गरि उनीहरुलाई चाहिने शैक्षिक सामाग्रीहरु वितरण गरि नियमित धपमा विद्यालय शारीरिक तथा भर्चुअय रुपमा उपस्थित भइरहेका छन् ।
- ८ जना बालबालिकाहरु तथा ५ जना अभिभावकहरुले स्वास्थ्य सहयोग प्राप्त गरि स्वास्थ्य रहन सफल भएका छन । ८ जना बालबालिकाहरु स्वास्थ्य रही नियमित विद्यालय उपस्थित हुन सफल भएका छन् साथै घर परिवार पनि स्वास्थ्य रही आफ्नो नियमित काम गर्न सफल भएका छन् । साथै कोरोना महामारी फैलिरहकोले ५० जना बालबालिकाहरुलाई अति आवश्यक स्वास्थ्य सामाग्रीहरु जस्तै माक्स्, स्यानिटाइजर, साबुन, हर्लिक्स, च्यवनप्रास् आदि वितरण गरि कोरोना महामारीबाट बच्न सहयोग पुगेको छ ।
- लैङ्गिक हिंसा प्रभावित महिलाहरु साथै बालबालिकाको दिगोपना पुर्न मिलनका लागि अन्य आवश्यकता पहिचान गरि ६ परिवारलाई घरायसी अति आवश्यक सहयोग प्रदान गरि पुर्न मिलनलाई दिगोपना दिन सफल भएका छौ ।
- पोषणयुक्त खानेकुरा सम्बन्धमा साथै मौसमी रोगहरु रोकथामका लागि आमा तथा बालबालिकासँग त्रैमासिक रुपमा फोन गर्नाले आमाहरुको जनचेतनामा विकास भएको छ । उनीहरुले आफनो बालबालिकालाई घरमा पकाएको खानेकुरालाई प्राथमिता दिन थालेका छन्।
- बालबालिकाहरु पढ्ने विद्यालयसँग सुमधुर सम्बन्ध कायम गर्नका लागि विद्यालय व्यवस्थापकसमितिसँग नियमित बैठक बस्ने तथा फोनमा कुराकानी गर्नाले सुमधुर सम्बन्धको विकास भएको छ । साथै आमाहरुसँग गरिने नियमित कुराकानीले पनि सुमधुर सम्बन्धको विकास भएको छ ।

Fig 3: Children receiving health kit

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

- बालबालिकाहरुलाई शैक्षिक सहयोग तथा सहि विद्यालय छनौटमा सहयोग पुऱ्याउने ।
- लैङ्गिक हिंसा प्रभावित महिलाहरु साथै बालबालिकाको दिगोपना पुर्नमिलनका लागि अन्य आवश्यकता पहिचान गरि सहयोग पुऱ्याउने ।
- बालबालिकाहरु पढ्ने विद्यालयसँग सुमधुर सम्बन्ध कायम गर्नका लागि विद्यालय व्यवस्थापक समितिसँग नियमित बैठक बस्ने तथा फोनमा कुराकानी गर्ने ।
- शैक्षिक सामाग्री प्रदान गर्ने ।
- बालबालिका तथा उनीहरुको आमाहरुको स्वास्थ्य तथा आवश्यकताको विश्लेषण गर्ने ।
- स्वास्थ्य परिक्षण गर्नमा सहयोग गर्ने ।
- पोषणयुक्त खानेकुरा सम्बन्धमा साथै मौसमी रोगहरु रोकथामका लागि आमा तथा बालबालिकासँग त्रैमासिक रुपमा फोन मार्फत कुराकानी गर्ने ।
- अर्धवार्षिक रुपमा बालबालिकाको घर निरिक्षण साथै फोन मार्फत कुराकानी गर्ने ।

PROJECT NAME

सानोनानी - बाल संरक्षण तथा विकास परियोजना (Sanonani - Child Protection and Development Project)

DURATION

२०२० सेप्टेम्बर - २०२२ अगाष्ट

PROJECT SITE

काठेश्वरी मनोहरा नगरपालिका - ६

BENEFICIARIES TARGETED

२६ जना संरक्षक विहिन भई जोखिममा परेका बालबालिका तथा तिनका परिवार तथा आफन्तहरु

PROJECT OBJECTIVES

- संरक्षक विहिन भई जोखिममा परेका र अन्य वैकल्पिक स्याहारको व्यवस्था नभएका बालवालिकाहरुलाई बालगृहमा राखि संरक्षण गर्ने
- सम्भव भएमा सम्वन्धित बालबालिकाको सर्वोतम हित हुने सुनिश्चत भएमा उनिहरुलाई परिवारमा पुन:स्थापित गर्नको लागि सहजिकरण गर्ने
- परिवारमा पुन:स्थापित हुन नसकेका तर उमेर पुगेका बालबालिकालाई सिपमुलक व्यवसायिक तालिम लिनको लागि सहजिकरण गर्ने

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

सानोनानी बाल संरक्षण तथा विकास परियोजनाद्धारा नेपाल सरकारको मापदण्ड बमोजिम बालगृह संचालन गरेको छ । नेपाल सरकार वडा तथा सम्वन्धित गाँउपालिका तथा नगरपालिका, महिला तथा बालबालिका कार्यालय, महिला तथा बालबालिका सम्बन्धी काम गर्ने संघ संस्था र नेपाल प्रहरीहरुसंगको समन्वयमा जोखिममा परेका र अन्य वैकल्पिक स्याहारको व्यवस्था नभएका बालबालिकाको छनौट गरी बालगृहमा भर्ना गरिएको छ । बालगृहमा भएका बालबालिकाहरुलाई निरन्तर बाल संरक्षण तथा विकास सम्बन्धी सेवाहरु जस्तै :

- सन्तुलित भोजन तथा आवास
- स्वास्थ्य सेवा
- शिक्षा
- विभिन्न रचनात्मक तथा मनोरन्जनात्मक क्रियाकलापहरु
- मनोसामाजिक मनोविमर्श सेवा

निरन्तर रुपमा सम्पूर्ण बालबालिका हरुलाई दिंदै आएको छ । साथै बालबालिकाहरुलाई परिवार तथा नातेदारसँग सम्पर्क तथा भेटघाट गर्न आवश्यक सहयोग तथा प्रोत्साहन गरिएको छ । अन्य वैकल्पिक स्याहारका विकल्पहरुको लेखाजोखा गरी बालबालिकाहरुको सर्वोत्तम हितलाई ध्यानमा राखी पारिवारिक पुन: स्थापनाका लागि पहल गर्दै पुन: स्थापना गरिएको छ , उक्त पुन: स्थापना गरिएका बालबालिकाहरुलाई निरन्तर फलोअप गरिएको छ ।

PROJECT RESULTS

- नेपाल सरकारको मापदण्ड बमोजिम बालगृह संचालन गरिएको ।
- २ जना बालिकालाई लेखाजोखाका आधारमा (Reintegration support) सहयोग गरिएको ।
- २० जना बालबालिकाहरुलाई निरन्तर बाल संरक्षण तथा विकास सम्बन्धी सेवाहरु (शिक्षा, सुरक्षित आवास, सन्तुलित भोजन, स्वास्थ्य सेवा, मनोसामाजिक मनोविमर्श सेवा, विभिन्न रचनात्मक तथा मनोरन्जनात्मक क्रियाकलाप) दिईएको ।
- १ जना लाई सीपमूलक तालिम प्रदान गरिएको ।
- २ बालिकाहरुलाई पारिवारमा पुन: स्थापना गरिएको ।
- ९ पुन: स्थापना बालबालिकाहरुलाई निरन्तर फलोअप र आवश्यकता अनुसार मनोविमर्श सेवा प्रदान गरिएको ।

Fig 4: Festival celebration in children home

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

- सानोनानी - बाल संरक्षण तथा विकास परियोजना निरन्तर संचालन गर्ने ।
- विभिन्न सरोकारवाला निकायहरुसंग समन्वय गरी जोखिममा रहेका बालबालिका छनोट गरि बालगृहमा भर्ना गर्ने ।
- बालगृहमा भएका बालबालिकाहरुलाई निरन्तर बाल संरक्षण तथा विकास सम्बन्धी सेवाहरु दिने
- अन्य वैकल्पिक स्याहारका विकल्पहरुको निरन्तर लेखाजोखा गर्ने ।
- पारिवारिक लेखाजोखा गर्ने ।
- अन्य वैकल्पिक स्याहारको विकल्प नरहेका र १४ वर्ष नाघेका बालबालिकाहरुका लागि उपयुक्त सीपमूलक तालिमको लागि सहजीकरण तथा व्यवस्थापन गर्ने ।

PROJECT NAME

कृषिमुल्य श्रृङ्खलापद्धति विकास परियोजना, जुम्ला (Agriculture Value Chain Deveopment Project, Jumla)

DURATION

३ वर्ष (फेब्रुअरी २०१८ देखि डीसेम्वर २०२० सम्म)

PROJECT SITE

तिला गाउँपालिका - ४, ६, ७, ८ र ९

BENEFICIARIES TARGETED

लक्षित समुहः महिलाहरु
लाभान्वित संख्याः ६०० जना

PROJECT OBJECTIVES

जुम्ला जिल्लामा लैंगिक समानताका लागि पिछडिएका घरधुरीमा दिगो आयआर्जन तथा खाद्य सुरक्षा सुनिश्चित गर्ने ।

अन्य उद्देश्यः

- कृषिमा नयाँ प्रविधी र कृषिजन्य सामाग्रीको पहुँचद्वारा छनोट गरिएका सहक्षेत्र, सिमी र बाख्रापालनको उत्पादन र उत्पादकत्व बढाउने ।
- कृषि क्षेत्रबाट महिलाहरुको आम्दानी बढाउने ।
- लैंगिक समानताका लागि महिलाहरुमा जनचेतना बढाउने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- सिमी खेती सम्बन्धि प्राविधीक तालिमहरु।
- कृषिजन्य सामाग्री, प्रविधी सहयोग।
- लैंगिक समानताका लागि महिलाहरुमा जनचेतना।
- कृषि उपज बजारिकरण
- अनुगमन तथा मुल्याङ्कना
- अन्तिम सर्वेक्षण ।

PROJECT RESULTS

- १०० जना महिलाहरुले उन्नत तरिकाले सिमी खेती गर्ने ज्ञान र सिप सिकेका छन् र सोही अनुरुप खेती गरेका छन्।
- १०० जना महिलाहरुलाई उन्नत तरिकाले बाख्रा पालन गर्ने ज्ञान र सिप प्रदान गरियो।
- कृषि उपज बजारिकरण
- कार्यक्रमको तेश्रो वर्षको अन्तमा अन्तिम सर्वेक्षण गरियो।
- समाज कल्याण परिषदबाट अनुगमन तथा मुल्याङ्कनको लागि प्रक्रिया गरियो।

Fig 5: Farmers' group meeting

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

N/A

PROJECT NAME

नेपालमा आत्महत्या रोकथाम संयन्त्रका लागि वकालत (Advocating for suicide Prevention mechanism in Nepal)

DURATION

१ वर्ष (२० अप्रिल, २०२० देखि १९ अप्रिल, २०२१ सम्म)

PROJECT SITE

काठमाण्डौ उपत्यका, सिन्धुली, उदयपुर

BENEFICIARIES TARGETED

लक्षित समुह: महिलाहरु
लाभान्वित संख्या: १५०० जना - प्रत्यक्ष ५०० जना

PROJECT OBJECTIVES

Stakeholder/ समुदायमा आत्महत्या रोकथाम संयन्त्रको बारेमा जनचेतना जगाउने

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- लैगिक हिंसा र आत्महत्याको आपसी सम्बन्ध बारे प्रमाणहरु संकलन गर्ने।
- Stakeholder सँग नियमित बैठक बसेर संकलन गरेका प्रमाणहरु बारे छलफल गर्ने तथा आत्महत्या रोकथाम संयन्त्रको बारेमा छलफल गर्ने
- कचहरी नाटकको माध्यमबाट समुदायमा मानसिक रोग तथा आत्महत्या रोकथाम संयन्त्रको बारेमा जनचेतना गराउने।
- प्रयोगकर्ता मैत्री कानून तथा नितिहरु संकलन गरी जानकारी गर्ने ।
- संस्थागत क्षमता अभिवृद्धि ।
- अनुगमन तथा मूल्याङ्कन ।
- अन्तिम मुल्याङकन र सिकाइहरु बारे जानकारी ।

PROJECT RESULTS

- लैगिक हिंसा र आत्महत्याको आपसी सम्बन्ध बारे ३०० जनासँग प्रमाणहरु संकलन गरियो।

- Stakeholder सँग नियमित बैठक बसेर संकलन गरेका प्रमाणहरु बारे छलफल गरियो तथा आत्महत्या रोकथाम संयन्त्रको बारेमा छलफल गरियो ।
- कचहरी नाटकको माध्यमबाट समुदायमा मानसिक रोग तथा आत्महत्या रोकथाम संयन्त्रको बारेमा सिन्धुली र काठमाण्डौमा ५३८ जनाको सहभागितामा जनचेतना कार्यक्रम गरियो।
- प्रयोगकर्ता मैत्री कानून तथा नितिहरु सङ्कलन गरी जानकारी गरियो ।
- संस्थागत क्षमता अभिवृद्धि ।
- अन्तिम मुल्याङ्कन र सिकाइहरु बारे जानकारी ।

Fig 6: Kachahari theater for public awareness

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

N/A

PROJECT NAME

कोभिड -१९ प्रतिकार्य तथा सकारात्मक धारणा प्रोत्साहन परियोजना (Covid Response and PPA)

DURATION

१५ डिसेम्बर २०२० - १४ डिसेम्बर २०२१

PROJECT SITE

काठेश्वरी मनोहरा नगरपालिका

BENEFICIARIES TARGETED

१०० जना

PROJECT OBJECTIVES

यस परियोजनाको मुख्य लक्ष्य लैङ्गिक हिंसा संग लड्न एकीकृत संरक्षण तथा सशक्तिकरणका कार्यहरु गर्ने रहेको छ।

PROJECT ACTIVITIES

- महिला सुरक्षित आवास गृह तथा बालगृहको लागि स्वास्थ्य सम्बन्धी निर्देशिका तथा संचारका सामाग्रीहरु बनाउने।
- महिला सुरक्षित आवास गृह तथा बालगृहमा सेवा प्रदायक कर्मचारीहरुलाई तालिम प्रदान गर्ने ।
- सुरक्षित आवास गृहमा आउने बच्चाका आमाहरुलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने तथा स्वास्थ्य पहुँचका लागि रेफर गर्ने ।
- कोभिड-१९ प्रतिकार्यका कार्यक्रमहरु सन्चालन गर्ने: अनलाइन काउन्सेलिङ गर्ने, लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई आवास गृहमा पहुँच पुर्‍याउने तथा अवस्था हेरेर प्रभावितहरुलाई सहायताका लागि लचिलो कोषको व्यवस्था गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन

PROJECT RESULTS

- फेसबुक र भाईबर जस्ता सामाजिक सन्जाल र अनलाईनका प्लयाटफर्म स्थापना गरिएको ।
- अनलाईका माध्यम बाट ४६ वटा पोष्ट गरिएको, उक्त पोष्टहरु १,५५,७२३ प्रयोगकर्तामा पुगेको,
- २०७ प्रयोगकर्ताका लैगिंक हिंसाका सन्देशहरुलाई प्रतिक्रिया र सहजीकरण गरिएको

- ३८ प्रयोगकर्तालाई आवश्कता अनुसार फोनबाट प्रतिक्रिया र सहजीकरण गरिएको
- ३५ लैङ्गिक हिंसा प्रभावित महिलाहरुलाई अवस्था हेरेर प्रभावितहरुलाई सहायताका लागि लचिलो कोषको व्यवस्था गरिएको

Fig 7: Flexible fund support

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

- महिला सुरक्षित आवास गृह तथा बालगृहको लागि स्वास्थ्य सम्बन्धी निर्देशिका तथा संचारका सामाग्रीहरु बनाउने ।
- महिला सुरक्षित आवास गृह तथा बालगृहमा सेवा प्रदायक कर्मचारीहरुलाई तालिम प्रदान गर्ने ।
- सुरक्षित आवास गृहमा आउने बच्चाका आमाहरुलाई स्वास्थ्य शिक्षा प्रदान गर्ने तथा स्वास्थ्य पहुँचका लागि रेफर गर्ने ।
- अनलाईन र सामाजिक संजालका कार्यहरुलाई निरन्तर गर्ने ।
- संस्थागत वेबसाईट तयार गर्ने ।
- अनुगमन तथा मुल्याङ्कन ।

PROJECT NAME

काजा सिन्धुली सुरक्षित आवास गृह संचालन सहयोग कार्यक्रम (CASA/Sindhuli Shelter Support Program)

DURATION

अगष्ट २०२० देखि जुलाई २०२१

PROJECT SITE

काग्रेश्वरी मनोहरा नगरपालिका, काठमाडौं र कमलामाई नगरपालिका, सिन्धुली

BENEFICIARIES TARGETED

१५० लैङ्गिक हिंसा प्रभावित महिलाहरु र उनीहरुमा आश्रित बालबालिकाहरु

PROJECT OBJECTIVES

- लैङ्गिक हिंसा प्रभावित महिलाहरुको सेवाको पहुँच बढाउने (आवास, स्वास्थ्य, मनोविमर्श र कानुनी)
- सामाजिक मूल्य मान्यता जस्तै बालविवाह, जर्बरजस्ती विवाह, यौन स्वास्थ्य, प्रजनन अधिकार, महिला अधिकार सम्बन्धी शिक्षा तथा जनचेतना अभिवद्धि गर्ने ।
- आयआर्जन गर्ने सीप विकास गरी महिलाहरुलाई आत्मनिर्भर बनाउने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- नेपाल सरकारको मापदण्ड वमोजिम लैङ्गिक हिंसा प्रभावित महिलाहरु तथा उनीहरुमा आश्रित बालबालिकाहरुको लागी सिन्धुली र काठमाडौंमा दुईवटा सुरक्षित आवास गृहहरु संचालन ।
- नेपाल सरकार वडा तथा सम्वन्धित गाँउपालिका तथा नगरपालिका र नेपाल प्रहरीहरुको सिफारिसको आधारमा ती लैङ्गिक हिंसा प्रभावित महिलाहरु र तिनिहरुका वालवालिकाहरुलाई सुरक्षित आवास गृह सेवा प्रदान ।
- सुरक्षित आवास गृहहरु मार्फत लैङ्गिक हिंसा प्रभावित महिलाहरु तथा उनीहरुमा आश्रित बालबालिकाहरुलाई निम्न सेवाहरु प्रदान गरिएको :
  - सन्तुलित भोजन तथा आवास
  - स्वास्थ्य सेवा
  - मनोविर्मश परार्मश सेवा
  - औपचारिक र अनौपचारिक शिक्षा सेवा
  - विभिन्न रचनात्मक तथा मनोरन्जनात्मक क्रियाकलापहरु
  - परिवार नातेदारसँग सम्पर्क तथा भेटघाट

- कानुनी सेवाहरु
- विभिन्न सीपमुलक तालिमहरु तथा सचेतनाका कार्यक्रमहरु
- पारिवारिक पुन :स्थापनाको लागी सहजीकरण
- परिवारमा पुर्नमिलन र पुन :स्थापना
- फलोअप

- समन्वय र सहकार्य : सुरक्षित आवास गृहहरुले आवास गृह संचालनको साथमा अन्य सरकारी तथा गैरसरकारी संघ संस्था, स्थानीय तह, वडा, नगरपालिका, गाउँपालिका, OCMC लगायतसँग निरन्तर सम्पर्क र समन्वयमा आफ्ना गतिविधिहरु संचालन गरिरहेको छ ।

PROJECT RESULTS

- यस बर्ष १५४ लैङ्गिक हिंसा प्रभावित महिलाहरु तथा उनीहरुमा आश्रित ५५ जना बालबालिकाहरुलाई सुरक्षित आवास गृह प्रदान गरिएको ।
- आवास गृहमा बसेका महिलाहरुलाई १७२ पटक र बालबालिकाहरुलाई १०४ पटक स्वास्थ्य उपचार सेवा प्रदान गरिएका जसले उनीहरुका स्वास्थ्य समस्याहरु समाधान गर्न र स्वस्थ्य जीवन बिताउन सहयोग प्राप्त भएको ।
- सुरक्षित आवास गृहहरु मार्फत प्रभावितहरुको ईच्छा र आवश्यकता अनुसार २३ जनालाई विभिन्न सीपमुलक तालिमहरु प्रदान गरिएको । यसले गर्दा महिलाहरुको क्षमता वृद्धि भई आफ्नै खुट्टामा उभिन सक्षम भई आर्थिक रुपमा आत्मनिर्भरकम लागी तयार भएका छन् ।
- प्रभावित महिलाहरुको लागी ४४४ पटक व्यक्तिगत मनोसामाजिक परामर्श सत्रहरु संचालन गरियो जसले प्रभावितहरुलाई आफ्ना मानसिक समस्याहरु समाधान गर्नको सहयोग प्राप्त भएको छ ।
- प्रभावित महिलाहरुसंग आएका विद्यालय जाने उमेरका ४ जना बालबालिकाहरुलाई विद्यालय भर्ना गरी शैक्षिक सेवा प्रदान गरियो र बाँकी रहेका अन्य साना बालबालिकाहरुलाई काजामा रहेको पुर्व प्रारम्भिक बालविकास केन्द्र (ECD) मार्फत निरन्तर शिक्षा प्राप्तिमा सहयोग प्रदान गरिएको ।
- महिलाहरुलाई निरन्तर अनौपचारिक शिक्षा (साक्षरता कक्षा मार्फत) सेवा प्रदान गरियो जसले महिलाहरुले अंक र अक्षर चिनी आफ्नो नाम लेख्न, सामान्य हिसाब किताब गर्न सक्षम भएका छन्।
- विद्यालय जाने उमेरको १ जना प्रभावित बालिकालाई विद्यालय भर्ना गरी औपचारिक शिक्षाको सेवा प्रदान गरिएको ।
- सुरक्षित आवास गृहमा संरक्षित प्रभावित महिलाहरुको सचेतना अभिवृद्धिका लागी विभिन्न मनोसामाजिक समस्याहरु, कानुनी समस्याहरु र स्वास्थ्य समस्याहरुको बिषयहरुमा अभिमुखीकरण कक्षाहरु संचालन गरियो । जसबाट उनीहरु आफ्ना व्यक्तिगत समस्याहरुलाई समाधान गर्नको लागी विभिन्न विकल्पहरु खोज्न सक्षम भए ।

Figure 8: Soap making training in CASA Nepal

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

N/A

PROJECT NAME

कोभिड १९ प्रतिकार्य सहयोग कार्यक्रम (COVID-19 Response Support Program)

DURATION

जुन २०२१ देखि जुलाई २०२१

PROJECT SITE

काठमाडौं (काग्रेश्वरी मनोहरा नगरपालिका र शंकरापुर नगरपालिका) र धादिङ्ग (थाक्रे गाउँपालिका)

BENEFICIARIES TARGETED

कोभिड १९ संक्रमित २५० जना जोखिममा रहेका महिला तथा पुरुषहरु र तीन स्थानीय तहका स्वास्थ्य कर्मचारीहरु

PROJECT OBJECTIVES

कोभिड १९ महामारीले स्वास्थ्य, सामाजिक र आर्थिक क्षेत्रमा उत्पन्न संकटमा तुरुन्त राहत दिन सहयोग पुऱ्याउने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- दुई जिल्लाका तीनवटै स्थानीय तह अर्न्तगतका नगर अस्पताल र आईसोलेसन सेन्टरमा काम गर्ने फ्रन्टलाईनरहरुमा लागी PPE लगायतका स्वास्थ्य सामाग्रीहरु प्रदान गर्ने ।
- कोभिड १९ संक्रमित २५० जना जोखिममा रहेका महिला तथा पुरुषहरुका लागी आईसोलेसन किट प्रदान गर्ने ।
- अनुगमन र मूल्याङ्कन

PROJECT RESULTS

- दुई जिल्लाका तीनवटै स्थानीय तहहरु अर्न्तगतका नगर अस्पताल र आईसोलेसन सेन्टरमा काम गर्ने फ्रन्टलाईनरहरुमा लागी प्रदान गरिएको २५० थान PPE लगायतका अन्य स्वास्थ्य सामाग्रीहरुले उनीहरुलाई सुरक्षित रुपमा काम गर्न सहज भएको ।
- जोखिममा रहेका कोभिड १९ संक्रमित महिला तथा पुरुषहरुका लागी प्रदान गरिएको आईसोलेसन किटले उनीहरुलाई रोगसँग लडन सहयोग भएको ।

Figure 9: Isolation kit handover in the municipal hospital of Kageswori Manohara municipality

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

N/A

PROJECT NAME

शिक्षा सबैका लागी (+) (Education for All)

DURATION

जनवरी २०१९ देखि डिसेम्बर २०२१

PROJECT SITE

काठमाडौं

BENEFICIARIES TARGETED

लैङ्गिक हिंसा प्रभावित महिलाहरु १५० जना महिलाहरु

PROJECT OBJECTIVES

लैङ्गिक हिंसा प्रभावित महिलाहरुको व्यक्तिगत स्वतन्त्रता स्थापित गर्नको लागी सक्षम बनाउनु यस परियोजनाको मुल उद्देश्य रहेको छ । परियोजनाका मुख्य उद्देश्यहरु :

- जीवन उपयोगी सीपको माध्यमद्वारा महिलाहरुको स्वस्थ्य जीवन निर्माणको लागी उनीहरुमा आत्मविश्वास वृद्धि गर्ने ।
- महिलाहरुको नेतृत्व विकासको साथै उनीहरुलाई महिला अधिकारको बारेमा जानकारी गराउने र हिंसाको प्रतिरोध गर्न सक्षम बनाउने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- सुरक्षित आवास गृहका (काजा नेपाल) सेवाग्राहीहरुका लागी जीवनउपयोगी सीपहरुको भिडियोमा आधारित छलफल
- विद्यार्थीहरुका लागी स्टेशनरी सामाग्रीहरु वितरण
- अनुगमन र मूल्याङ्कन

PROJECT RESULTS

- काजा नेपालमा जीवनउपयोगी सीपहरुको बारेमा निर्मित भिडियोहरुमा आधारित भएर जीवनउपयोगी सीपको बारेमा कक्षा संचालन भईरहेको जसले सेवाग्राहीहरुलाई बुझ्न् सहज भएको । यस बिषयमा भएको निरन्तर छलफलले उनीहरुमा सकारात्मक दृष्टिकोण निर्माणमा सहयोग पुऱ्याएको ।
- श्री चण्डी आधारभूत विद्यालय, भोजपुरका १२५ जना र श्री काम्राङ्ग आधारभूत विद्यालय, धादिङ्गका ७५ जना विद्यार्थीहरुलाई विद्यालय जानका लागी स्कुल स्वेटर प्रदान गरिएको जसले गर्दा उनीहरुलाई दैनिक

विद्यालय जानकालागी प्रोत्साहित गरेको ।

Figure 10: Life skills sessions in Casa Nepal

NEXT YEAR'S PLAN

आ.व. २०७८/०७९ मा सञ्चालन गरिने क्रियाकलापहरु

- सुरक्षित आवास गृहका (काजा नेपाल)सेवाग्राहीहरुका लागी जीवनउपयोगी सीपहरुको भिडियोमा आधारित छलफल
- विद्यार्थीहरुका लागी स्टेशनरी सामाग्रीहरु वितरण
- जीवनउपयोगी सीपहरुको प्रयोग बिषयमा मोबाईल एप्लिकेसन निर्माणको सम्भाव्यता अध्ययन
- वडा तथा नगरपालिकाद्वारा परियोजनाको अनुगमन
- समाज कल्याण परिषदद्वारा परियोजना मूल्याङ्कन

वित्तिय विवरण

STATEMENT OF FINANCIAL POSITION

as on Ashad 31, 2077 (15 July 2020)

Amount In Npr

PARTICULARS	SCH	15th July 2022	16th July 2020
Assets			
Non Current Assets		64,298,084.00	67,906,170.00
Non Expendable Assets	1	64,298,084.00	67,906,170.00
Current Assets		43,828,812.00	46,559,177.00
Cash & Cash Equivalents	2	29,971,489.00	33,303,465.00
Cash on Hand		826.00	6,683.00
Cash at Bank		29,970,663.00	33,296,782.00
Other Current Assets		13,857,323.00	13,255,712.00
Advance, Deposit and Receivables	3	13,611,499.00	13,014,861.00
Inventories	4	245,824.00	240,851.00
Total Assets		**108,126,895.00**	**114,465,346.00**
Funds And Liabilities			
Fund Balances		62,516,508.00	66,345,026.00
Reserve Fund	5	64,954,913.00	67,994,285.00
Surplus		(2,438,405).00	1,649,259.00
Current Liabilities		45,610,388.00	48,120,320.00
Creditors and Accounts Payables	6	45,610,388.00	48,120,320.00
Total Funds and Liabilities		**108,610,388.00**	**114,465,346.00**

Notes to Account and Significant Accounting Policies 8

Schedule 1 to 8 and Form an Integral Part of Financial Statements

APEIRON
MAHILA SASHAKTIKARANDWARA
GRAMIN NEPAL KO
GARIBI NIWARAN

Uccha Marg 4, Tudaldevi Mandir
Baluwatar, Kathmandu, Nepal
Gpo Box 8974, CPC 535

+977 1 444 3520/ 444 4696
project@apeironglobal.org
www.apeironglobal.org

PROJECT NAME

नयाँ आधारभुत शिक्षाको गुणस्तरमा सुधार (New Improving Quality of Basic Education)

DURATION

१ अगास्ट, २०२० देखि ३१ जुलाई, २०२१

PROJECT SITE

भोजपुर र धादिङ्ग

BENEFICIARIES TARGETED

- श्री चण्डी आधारभुत बिद्यालयका १४५ जना विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु तथा समुदायहरु ।
- श्री काम्राङ आधारभुत बिद्यालयका ७५ जना विद्यार्थीहरु, शिक्षक शिक्षिकाहरु तथा समुदायहरु ।

PROJECT OBJECTIVES

भोजपुर र धादिङ्गमा रहेका बालबालिकाहरुको गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चित गर्ने ।

PROJECT ACTIVITIES

आ.व. २०७७/०७८ मा सञ्चालन गरिएका क्रियाकलापहरु

- दुई वटा सामुदायिक विद्यालयमा १/१ जना अंग्रेजी शिक्षक र १/१ जना प्रारम्भिक बाल विकासको लागि सहजकर्ताहरु उपलव्ध गराउने ।
- बालबालिकाहरुका लागि आवश्यक शैक्षिक सामाग्री वितरण गर्ने ।
- लैङ्गिक संवेदनशील शिक्षण सम्बन्धि शिक्षक शिक्षिकाहरुलाई तालिम प्रदान गर्ने ।
- ५० जना किशोर किशोरीहरुलाई यौन तथा प्रजनन स्वास्थ्य अधिकार सम्बन्धिजानकारी प्रदान गर्ने ।
- परियोजनाको अनुगमन गर्ने ।

PROJECT RESULTS

- दुई वटा सामुदायिक विद्यालयमा १/१ जना अंग्रेजी शिक्षकहरु र १/१ जना प्रारम्भिक बाल विकासको लागि सहजकर्ताहरु उपलव्ध गराएकोले विद्यालयमा शिक्षाको गुणस्तर सुधार भई सामुदायिक विद्यालयमा अध्ययनरत जम्मा २०० जना बालबालिकाहरु लाभान्वित भएका छन् । विद्यालयमा पुर्ण रुपमा शिक्षक शिक्षिका उपलब्ध भई कुनै पनि कक्षा कोठा खाली नभई विद्यालयको न्यूनतम मापदण्ड पुरा भएको छ । उनीहरु अंग्रेजी लेख्न, बोल्न, पढ्न सक्षम भएका छन् । साथै प्रारम्भिक वाल विकासमा बालमैत्री वातावरणमा बालबालिकाहरु पढ्न पाईरहेका छन् । उनीहरुले रङ, आकार, बार, अकं चिन्न